आज मिति २०७८ साल पौष ०८ गते बिहीवारका दिन यस मुसीकोट नगर कार्यपालिकाका प्रमुख देबीलाल गौतम ज्युको अध्यक्षतामा आर्थिक वर्ष २०७८।०७९ को सातौं बैठक बसी तपशिलका प्रस्तावहरु उपर व्यापक छलफल गरि निम्न निर्णयहरु पारित गरियो ।

तपशिल:

| क्र. सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | देबीलाल गौतम | नगर प्रमुख | |
| २. | प्रेमकुमारी सुनार | उप-प्रमुख | |
| ३. | नरहरी तिवारी | सचिब | |
| ४. | विरबल केसी | कार्यपालिका सदस्य | |
| ५. | काशीराम खड्का | ,, ,, | |
| ६. | भिमबहादुर खड्का | ,, ,, | |
| ७. | निर्मलकुमार पुन | ,, ,, | |
| ८. | शुसिल गौतम | ,, ,, | |
| ९. | बसन्त गौतम | ,, ,, | |
| १०. | हिमबहादुर पाण्डे | ,, ,, | |
| ११. | बद्रिप्रसाद बुढा | ,, ,, | |
| १२. | नविन ओली | ,, ,, | |
| १३. | गोपेश्वर केसी | ,, ,, | |
| १४. | पदमबहादुर पुन | ,, ,, | |
| १५. | प्रेमबहादुर ओली | ,, ,, | |
| १६. | दिपक केसी | ,, ,, | |
| १७. | भिमबहादुर विष्ट- | ,, ,, | |
| १८. | धिरन सिर्पाली | ,, ,, | |
| १९. | शसीराम परियार | ,, ,, | |
| २०. | पबित्रा कामी | ,, ,, | |
| २१. | जानकी केसी खड्का | ,, ,, | |
| २२. | कमला बुढा पुन | ,, ,, | |
| २३. | चम्फा परियार | ,, ,, | |
| २४. | मिना बिक | ,, ,, | |
| २५. | यामकुमारी नेपाली | ,, ,, | |

अन्य आमन्त्रितहरु:

१, टेकबहादुर थिती - का.वा. अध्यक्ष वडा नं.१ -
२, टेकबहादुर बुढामगर - ,, ,, - वडा नं. -१० -
३, नरेन्द्र विष्ट - लेखा अधिकृत -
४, धन कुमार शाही कम्प्युटर अपरेटर -
५, गोपाल ओली ई.प.म.

मिति २०७८ साल पौष ०८ गते बिहीबारका बैठकका प्रस्तावहरु:

| सि. नं. | प्रस्तावहरु | निर्णय हुनुपर्ने ब्यहोरा |
|---|---|---|
| १. | अघिल्लो बैठकको समिक्षा सम्बन्धमा | आ.ब. २०७८।०७९ को स्वीकृत योजना, बजेट तथा कार्यक्रम निर्धारित समयमा सम्पन्न गर्ने सन्दर्भमा बिगतका बैठकहरुमा भएका निर्णयहरुको समिक्षा गरि सिघ्र कार्यान्वयन गर्नुपर्ने । |
| २. | गरिव घर पहिचान मापदण्ड र वडाबाट प्राप्त सूची अनुमोदन सम्बन्धमा | तोकिएको मापदण्डमा रहि वडाबाट प्राप्त गरिव घरपरिवारको यकिन गरि उक्त सुची अनुमोदन गर्नुपर्ने । |
| ३. | वडाहरुमा बिनियोजित योजनाको हेरफेर तथा शिर्षक परिवर्तन सम्बन्धमा | बार्षिक कार्यक्रम अनुसार वडाहरुमा छनौट भएका तर बिभिन्न कारणले वडा स्तरीय सिफारिस एवं औचित्यतालाई समेत बिश्लेषण गरि केही योजनाहरु परिवर्तन तथा हेरफेर गर्नुपर्ने । |
| ४. | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम छनौट सम्बन्धमा | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत कमजोर र न्युन पूर्वाधारजन्य विद्यालयको पूर्वाधार निर्माणमा योजना, कार्यक्रम तथा बजेट प्राप्तिका लागि नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयमा माग गरि पठाउने । |
| ५. | सहिद तथा बेपत्ता परिवारहरुको विवरण तयार सम्बन्धमा | कर्णाली प्रदेश सरकारले गरेको निर्णय अनुसार सहिद तथा बेपत्ता भएका ब्यक्तिका परिवारहरुको बिबरण भरी निवेदन पेश गर्ने अन्तिम मिति २०७८ पौष १५ गतेसम्म रहेकोले सबै वडा कार्यालयले यथासिघ्र सिफारिस गरि पठाउने । |
| ६. | घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता प्रदान गर्ने सम्बन्धमा | कर्णाली प्रदेश सरकारले गरेको निर्णय अनुसार घाइते तथा अपाङ्गता भएका ब्यक्तिहरुको बिबरण भरी निवेदन पेश गर्ने अन्तिम मिति २०७८ पौष १५ गतेसम्म रहेकोले सबै वडा कार्यालयले यथासिघ्र सिफारिस गरि पठाउने । |
| ७. | कोभिड प्रभावित भई रोजगार गुमाएका अति बिपन्न परिवार छनौट तथा आर्थिक सहायता दिने सम्बन्धमा | नेपाल सरकार, अर्थ मन्त्रालयबाट कोभिड प्रभावित भई रोजगार गुमाएका अति बिपन्न परिवारलाई एक पटकका लागि रकम रु. १० हजार दिने परिपत्र भए अनुसार आर्थिक सहायता प्राप्तिका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयमा सिफारिस गरि पठाउने । |
| ८. | मुसिकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी बनेको निर्देशिका २०७८ पारित सम्बन्धमा | मिति २०७८।०९।०५ गतेको बिधायन समितिले मस्यौदाको रुपमा तयार पारेको निर्देशिका पारित गर्ने । |
| ९ | पूर्वाधार विकास समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा | मिति २०७८।०८।१४ गते पूर्वाधार विकास समितिको बैठकले सिफारिस गरेका गत आ.ब.मा काम सम्पन्न भई भुक्तानी हुन बाँकी र यस आ.ब.मा सम्बोधन गर्नुपर्ने प्राथमिकता प्राप्त अति आवश्यक योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने । |
| १० | बिबिध सम्बन्धमा | समसामयिक तथा आवश्यक बिषयमा छलफल भै आवश्यक निर्णय लिनुपर्ने । |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल

निर्णयहरु :

**निर्णय नं. १, अघिल्लो बैठकको समिक्षा सम्बन्धमा:**

बिभिन्न मितिमा भएका कार्यपालिकाका बैठकका निर्णयहरुबाट आ.ब.२०७८।७९ का लागि निर्धारित योजना, कार्यक्रम तथा बिनियोजित बजेटको लक्ष्य र उद्देश्य हासिल गर्ने सन्दर्भमा योजनाको कार्यान्वयन गर्न ताकेता गरिएको भएता पनि हालको मितिसम्म जम्मा योजना २ सय ८३ मध्ये १ सय ७९ वटा (६३ प्रतिशत) योजनाहरु सम्झौता भएको र १ सय ४ वटा (३७ प्रतिशत) योजनाहरु सम्झौता हुन बाँकी हुनुका साथै सम्झौता पश्चात अधिकांश योजनाहरु कार्यान्वयनको समेत चरणमा रहेको हुदाँ प्रत्येक वडाका वडा अध्यक्ष ज्यूहरुले, अन्य सदस्य र वडाका प्राबिधिक तथा कर्मचारीहरुसँग आवश्यक समन्वय र सहजीकरण गरि तोकिएकै समय र गुणस्तरमा आयोजनाहरु यथासिघ्र रुपमा सम्पन्न गर्ने/गराउने र ती सम्पन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गराई भुक्तानीका लागि नगरपालिकाको कार्यालयमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २, गरिव घर पहिचान मापदण्ड र वडाबाट प्राप्त सूची अनुमोदन सम्बन्धमा:**

यस मुसिकोट नगरपालिकाको कार्यालयबाट नगरपालिका अन्तरगतका प्रत्येक वडामा रहेका अति बिपन्न गरिव घरपरिवारहरुको पहिचान गर्न तथ्याङ्क संकलन भई आएका विवरणहरुलाई बिश्लेषण गर्न गरिव घरपरिवार छनौटका लागि तयार गरीएको फर्मेट उपर छलफल गरी वडाहरुबाट प्राप्त सुझावहरु संलग्न राखी आगामी बैठकमा पेश गर्ने साथै संकलित तथ्याङ्कबाट प्राप्त बिबरणमा संशोधन गर्नुपर्ने भएमा प्रमाण सहित पौष महिनाभित्र संशोधित बिबरण पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३, वडाहरुमा बिनियोजित योजनाको हेरफेर तथा शिर्षक परिवर्तन सम्बन्धमा:**

आ.ब. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वडाहरुमा छनौट भएका तपशिल बमोजिमका योजना, कार्यक्रम तथा बजेट बिभिन्न कारणले परिवर्तनका लागि वडा स्तरीय सिफारिस भई आएकोमा औचित्यतालाई समेत बिश्लेषण गरि परिवर्तन तथा हेरफेर गर्नुपर्ने भएकोले तपशिलका योजना हेरफेर गरि निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

तपशिल:

| सि. नं. | साबिकको योजना/कार्यक्रमको नाम | बजेट रकम | संशोधित योजना/कार्यक्रमको नाम | बजेट रकम |
|---|---|---|---|---|
| १ | वडाबाट बिनियोजित प्रहरी चौकीको घेरबार तथा फिल्ड निर्माण मुनपा १ | २ लाख ५० हजार | प्रहरी चौकीको फिल्ड निर्माण मुनपा १ | २ लाख ५० हजार |
| २ | वडाबाट बिनियोजित सडक निर्माण तथा मर्मत मुनपा १ | ७ लाख २० हजार | छिङ माथीगाउँ महिला सामुदायिक भवन मुनपा १ | १ लाख |
| | | | कैलदेउ मन्दिर मुनपा १ | १ लाख |
| | | | काँडेदह खानेपानी इन्टेक निर्माण मुनपा १ | १ लाख |
| | | | होटेल एशियनदेखि चन्दन् नाथ जोड्ने गोरेटो बाटो निर्माण मुनपा १ | १ लाख ५० हजार |
| | | | सल्ले सरस्वती माबि देखि कृषि | १ लाख |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| | | | भवन हुदै मुलखोलासम्मको सडक मुनपा १ | |
| | | | दमाहाखोला ढल व्यबस्थापन मुनपा १ | ५० हजार |
| | | | खेलकुद सामाग्री खरिद | ५० हजार |
| | | | कार्यालय व्यबस्थापन तथा बिबिध खर्च मुनपा १ | ७० हजार |
| ३ | वडाबाट बिनियोजित पातुखोला राहुखेत सडक मर्मत मुनपा २ | ९ लाख ५० हजार | पशुपति माबि फिल्ड निर्माण मुनपा २ | १ लाख |
| | | | सिंचाइ पोखरी र कुलो निर्माण मुनपा २ | २ लाख |
| | | | ज्यामिरखोला कुलबाझ खोला आरसिसी बाटो निर्माण मुनपा २ | १ लाख |
| | | | डाँफे महिला भवन मर्मत र राप्ती महिला भवन मर्मत मुनपा २ | २ लाख |
| | | | महाकाली माबि शौचालय मर्मत मुनपा २ | १ लाख |
| | | | पातुखोला राहुखेत सडक सरसफाई मुनपा २ | २ लाख ५० हजार |
| ४ | शहरी शासकीय तर्फको पातुखोला राहुखेत सडक मर्मत मुनपा २ | २५ लाख | महाकाली माबि भवन निर्माण मुनपा २ | १० लाख |
| | | | समिबोट सिस्नेखोला जुरढुङ्गा सडक निर्माण मुनपा २ | ५ लाख |
| | | | राक्सेकोट बैरीगारे ढोलगारे सिमखोला बान्नेचौर आरसिसी गोरेटो बाटो निर्माण र ढोलगारे कुलो निर्माण मुनपा २ | १० लाख |
| ५ | साँस्कृतिक प्रबर्द्धन कार्यक्रम मुनपा ४ | १ लाख | त्रिवेणी मेलामा खेलकुद सञ्चालन खर्च मुनपा ४ | १ लाख |
| ६ | वडाबाट बिनियोजित सुशासा तथा संस्थागत विकास मुनपा ६ | ६० हजार | त्रिवेणी मेलामा खेलकुद सञ्चालन खर्च मुनपा ६ | ६० हजार |
| ७ | शहरी शासकीय तर्फको मोराबाङखोला भकभके जुगेना सडक निर्माण मुनपा ११ | ५ लाख | कल्याखोला आर.सि.सी पुल निर्माण मुनपा ११ | ५ लाख |
| ८ | वडाबाट बिनियोजित कल्याखोला आर.सि.सी पुल निर्माण मुनपा ११ | १ लाख ४० हजार | लोटेपानी पलेटे पिपलबोट भकभके सडक खण्ड निर्माण मुनपा ११ | १ लाख ४० हजार |

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ९ | वडाबाट बिनियोजित कृषकहरुलाई उन्नत जातको बीउबिजन शतप्रतिशत अनुदानमा बितरण कार्यक्रम मुनपा ११ | १ लाख ८० हजार | लोटेपानी पलेटे पिपलबोट भकभके सडक खण्ड निर्माण मुनपा ११ | ६० हजार |
| | | | त्रिबेणी मेला व्यवस्थापन मुनपा ११ | १ लाख २० हजार |
| १० | वडाबाट बिनियोजित बिपद् व्यवस्थापन मुनपा ११ | ६० हजार | बिपद् व्यवस्थापन मुनपा ११ | ३० हजार |
| | | | धामीमोड टोलमा ट्याङ्की निर्माण तथा पाइप खरिद मुनपा ११ | ३० हजार |
| ११ | वडाबाट बिनियोजित जेष्ठ नागरिकलाई न्यानो कपडा बितरण मुनपा ११ | २ लाख | रिठाबोट टोलमा तारजाली खरिद मुनपा ११ | २ लाख ३० हजार |
| १२ | वडाबाट बिनियोजित महिला स्वास्थ्य स्वयंसेबिकालाई झोला बितरण मुनपा ११ | ३० हजार | | |
| १३ | वडामा बिनियोजिततर्फ बिभिन्न टोलमा स्टेचर खरिद मुनपा १३ | ५० हजार | कालामुल कसेराडाँडा खानेपानी मर्मत मुनपा १३ | १ लाख ८० हजार |
| १४ | कालामुल साधनचौर खानेपानी मर्मत मुनपा १३ | ५० हजार | | |
| १५ | कालामुल कसेराडाँडा खानेपानी मर्मत मुनपा १३ | ५० हजार | | |
| १६ | कसेराडाँडा खानेपानी मर्मत मुनपा १३ | ३० हजार | | |
| १७ | कालापातल टाकुरा सडक मर्मत मुनपा १३ | १ लाख | टाकुरा भुम खानेपानी पाइप खरिद मुनपा १३ | १ लाख |
| १८ | प्रेम बादी मादल उद्योग प्रवर्द्धन मुनपा १३ | २० हजार | काली बहादुर बादी मादल उद्योग प्रवर्द्धन मुनपा १३ | २० हजार |
| १९ | गोसाइखोला भुम टोल खानेपानी मर्मत | १५ हजार | बिष्ट टोल मन्दिर निर्माण | १५ हजार |
| २० | भक्कीने गोटाखोला पाइप सिचाइ आयोजना मुनपा १३ | ५० हजार | बिपद् व्यवस्थापन मुनपा १३ | ७० हजार |
| २१ | गोसाइखोला भुम टोल खानेपानी मर्मत मुनपा १३ | २० हजार | | |
| २२ | प्रधानमन्त्री रोजगार तर्फ आधारभूत बिद्यालय त्रिशुले खेलमैदान निर्माण मुनपा १४ | २ लाख | आधारभूत बिद्यालय त्रिशुले शौचालय निर्माण मुनपा १४ | २ लाख |

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली, प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ४, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम छनौट सम्बन्धमा:**
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयबाट सार्वजनिक सूचना मार्फत माग भई आएका पूर्वाधार एवं शैक्षिक सुधारका कार्यक्रमका लागि यस नगरपालिकाभित्रका विद्यालयको पूर्वाधार निर्माण लगायत प्राथमिकता प्राप्त शैक्षिक सुधारका क्षेत्रमा योजना, कार्यक्रम तथा बजेट प्राप्तिका लागि माग भई आएका तपशिल बमोजिमका विद्यालयहरुका योजना तथा कार्यक्रम छनौट गर्न देहाय बमोजिमको प्राथमिकीकरण गरि जिल्ला शिक्षा समन्वय इकाइ मार्फत नेपाल सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्रलाई सिफारिस गरि पठाउने निर्णय गरियो ।
तपशिल:

**विद्यालय भवनतर्फ:**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | आवश्यक योजना |
|---|---|---|---|
| १ | श्री यमुना नन्द नमुना मावि सेरीगाउँ | मुनपा -५ | ६ कोठे भवन |
| २ | श्री वालकल्याण मावि सोलाबाङ | मुनपा -४ | ६ कोठे भवन |
| ३ | श्री सरस्वती मावि सल्ले | मुनपा -१ | ६ कोठे भवन |
| ४ | श्री जनकल्याण मावि भलाक्चा | मुनपा -११ | ६ कोठे भवन |
| ५ | श्री जनकल्याण मावि काँसपोखरी | मुनपा -१२ | ६ कोठे भवन |
| ६ | श्री प्रभात मावि दोपाइ | मुनपा -१३ र १४ | ६ कोठे भवन |
| ७ | श्री वालकल्याण मावि झुल्खेत | मुनपा -६ | ६ कोठे भवन |
| ८ | श्री जनजागृति मावि साँख | मुनपा -७ | ६ कोठे भवन |
| ९ | श्री मालिका मावि चुन | मुनपा -१० | ६ कोठे भवन |
| १० | श्री लक्ष्मी मावि कैलदेउ | मुनपा -१ | ६ कोठे भवन |
| ११ | श्री बालबिकास आधारभूत बिद्यालय डाँडागाउँ | मुनपा -१२ | ४ कोठे भवन |
| १२ | श्री दियो आधारभूत बिद्यालय छिबाङखोला | मुनपा १४ | २ कोठे भवन |
| १३ | श्री चन्द्रगंगा आधारभूत बिद्यालय त्रिशुले | मुनपा १४ | २ कोठे भवन |
| १४ | श्री बालधरम आधारभूत बिद्यालय स्याबाङ | मुनपा -११ | ४ कोठे भवन |
| १५ | जनचेतना आधारभूत बिद्यालय कालीमाटी | मुनपा -६ | ४ कोठे भवन |
| १६ | श्री जन आधारभूत बिद्यालय लोरीबाङ | मुनपा १४ | ४ कोठे भवन |
| १७ | श्री जनप्रिय आधारभूत बिद्यालय हाइबाङ | मुनपा १३ | २ कोठे भवन |
| १८ | श्री वालकल्याण मावि सोलाबाङ | मुनपा -४ | ४ कोठे भवन |
| १९ | श्री प्रभात मावि दोपाइ | मुनपा -१३ र १४ | ४ कोठे भवन |
| २० | श्री ज्ञानोदय मावि लहुँ | मुनपा -११ | ४ कोठे भवन |
| २१ | श्री महाकाली माबि समिबोट | मुनपा -२ | ४ कोठे भवन |
| २२ | श्री आधारभूत बिद्यालय घोरखानी | मुनपा -८ | ४ कोठे भवन |
| २३ | श्री जनकल्याण मावि काँसपोखरी | मुनपा -१२ | ४ कोठे भवन |
| २४ | श्री वालकल्याण मावि सोलाबाङ | मुनपा -४ | २ कोठे भवन |
| २५ | श्री चन्दन् नाथ आधारभूत बिद्यालय डाँग्रीचौर | मुनपा -१ | २ कोठे भवन |
| २६ | श्री जनजागृति आधारभूत बिद्यालय घुयलीडाँडा | मुनपा -१४ | २ कोठे भवन |
| २७ | श्री वालकल्याण मावि झुल्खेत | मुनपा -६ | ४ कोठे भवन |
| २८ | श्री जनज्योति आधारभूत बिद्यालय लामडाँडा | मुनपा -१३ | २ कोठे भवन |
| २९ | श्री त्रिभुवन जनता माबि खलंगा | मुनपा -१ | ४ कोठे भवन |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

| | | | |
|---|---|---|---|
| ३० | श्री शिव आधारभूत बिद्यालय पिपलनेटा | मुनपा -३ | ४ कोठे भवन |
| ३१ | श्री महेन्द्र माबि छिबाङ चौतारा | मुनपा -१३ | ४ कोठे भवन |
| ३२ | श्री ज्ञानकुञ्ज आधारभूत बिद्यालय झिमडाँडा | मुनपा -१४ | २ कोठे भवन |
| ३३ | श्री यमुना नन्द नमुना मावि सेरीगाउँ | मुनपा -५ | २ कोठे भवन |

**ICT ल्याबतर्फ:**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | आवश्यक योजना |
|---|---|---|---|
| १ | श्री वालकल्याण मावि सोलाबाङ | मुनपा -४ | ICT ल्याव |
| २ | श्री वालकल्याण मावि झुल्खेत | मुनपा -६ | ICT ल्याव |
| ३ | श्री जनकल्याण मावि भलाक्चा | मुनपा -११ | ICT ल्याव |
| ४ | श्री लक्ष्मी माबि कैलदेउ | मुनपा -१ | ICT ल्याव |
| ५ | श्री त्रिपुरा माबि छिङ | मुनपा -१ | ICT ल्याव |
| ६ | श्री सरस्वती माबि सल्ले | मुनपा -१ | ICT ल्याव |
| ७ | श्री ज्ञानोदय माबि लहुँ | मुनपा -११ | ICT ल्याव |
| ८ | श्री जनकल्याण मावि काँसपोखरी | मुनपा -१२ | ICT ल्याव |
| ९ | श्री पशुपति माबि रातामाटा | मुनपा -२ | ICT ल्याव |
| १० | श्री प्रभात मावि दोपाइ | मुनपा -१३ र १४ | ICT ल्याव |
| ११ | श्री महेन्द्र माबि छिबाङ चौतारा | मुनपा -१३ | ICT ल्याव |
| १२ | श्री यमुना नन्द नमुना मावि सेरीगाउँ | मुनपा -५ | ICT ल्याव |
| १३ | श्री जनहित आधारभूत बिद्यालय माछिमी | मुनपा -३ | ICT ल्याव |

**निर्णय नं. ५, सहिद तथा बेपत्ता परिवारहरुको विवरण तयार सम्बन्धमा:**
कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मिति २०७८।०७।१५ को निर्णय अनुसार कर्णाली प्रदेशभित्र स्थायी रुपमा बसोबास भई जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद तथा बेपत्ता भएका ब्यक्तिका परिवारलाई स्थानीय तह मार्फत जीवन निर्बाह भत्ता प्रदान गर्ने प्रयोजनका लागि निवेदन पेश गर्ने अन्तिम मिति आगामी पौष १५ गतेसम्म रहेकोले यस मुसिकोट नगरपालिकामा रहेका सम्पूर्ण सहिद तथा बेपत्ता भएका ब्यक्तिका परिवारहरुको बिबरण तयार पारी सबै वडा कार्यालयले यथासिघ्र सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं.६, घाइते तथा अपाङ्गता भएका ब्यक्तिलाई जीवन निर्बाह भत्ता प्रदान गर्ने सम्बन्धमा:**
कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मिति २०७८।०७।१५ को निर्णय अनुसार कर्णाली प्रदेशभित्र स्थायी रुपमा बसोबास भई जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका ब्यक्तिलाई स्थानीय तह मार्फत जीवन निर्बाह भत्ता प्रदान गर्ने प्रयोजनका लागि निवेदन पेश गर्ने अन्तिम मिति आगामी पौष १५ गतेसम्म रहेकोले यस मुसिकोट नगरपालिकामा रहेका सम्पूर्ण घाइते तथा अपाङ्गता भएका ब्यक्तिहरुको बिबरण तयार पारी सबै वडा कार्यालयले यथासिघ्र सिफारिस गरि पठाउने निर्णय गरियो ।

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

**निर्णय नं. ७, कोभिड प्रभावित भई रोजगार गुमाएका अति बिपन्न परिवार छनौट तथा आर्थिक सहायता दिने सम्बन्धमा:**

नेपाल सरकार, अर्थ मन्त्रालयबाट देशभरमै कोभिड प्रभावित भई रोजगार गुमाएका अति बिपन्न परिवारलाई एक पटकका लागि रकम रु. १० हजार दिने परिपत्र भए अनुसार यस नगरपालिकामा रहेका कोभिड प्रभावित अति गरिव, बिपन्न घरपरिवारहरुको छनौटका लागि आ.ब.२०७८।०७९ मा वडाबाट सिफारिस भई आएका घरपरिवारको विवरणहरुलाई छानबिन गरि तोकिएको मापदण्ड पुगेका परिवारलाई आर्थिक सहायता प्राप्तिका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयमा सिफारिस गरि पठाउने र सोको जिम्मा नगर कार्यपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

**निर्णय नं. ८, मुसिकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा बिस्तार सम्बन्धी बनेको निर्देशिका २०७८ पारित सम्बन्धमा:**

मुसिकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नबिकरण, स्तरोन्नती तथा सेवा बिस्तार गर्दा आवश्यक पर्ने दक्ष जनशक्ति र भौतिक पूर्वाधार लगायतको मापदण्ड सहितको निर्देशिका निर्माणका सन्दर्भमा नगरपालिका, स्वास्थ्य तथा सामाजिक विकास शाखा र सरोकारवाला बिचमा छलफल गराई मिति २०७८।०९।०५ गते बसेको विधायन समितिले मस्यौदाको रुपमा तयार पारेको **"मुसिकोट नगरपालिकामा स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी बनेको निर्देशिका २०७८"** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९, पूर्वाधार विकास समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा:**

यस मुसिकोट नगरपालिकामा आ.ब.२०७८।०७९ मा बजेट बिनियोजन हुन नसकेका तर अति आवश्यक भई पटक पटक माग समेत आइसकेका तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरुमा तपशिलमा उल्लेखित रकम बिनियोजन गर्ने निर्णय गरियो ।

तपशिल:

| सि. नं. | योजनाको नाम | ठेगाना | बिनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | ग्याम्माखोला कृषि सडक निर्माण | वडा नं. ७ | रु. १५ लाख | |
| २ | जात्राबाङ सडक निर्माण | वडा नं. ७ | रु. ५ लाख | |
| ३ | दाना उद्योग निर्माण | वडा नं. ४ | रु. ८ लाख | |
| ४ | बाहुनडेरा खत्रीडेरा सिंचाई निर्माण | वडा नं. ४ | रु. १ लाख ५० हजार | |
| ५ | धनमाया प्रतिष्ठानको पर्खाल | वडा नं. ५ | रु. २ लाख | |
| ६ | लालीगुराँस महिला सहकारीको शौचालय निर्माण | वडा नं. १० | रु. १ लाख ५० हजार | |
| ७ | बिभिन्न बस्तीमा आनेपानी योजना निर्माण | वडा नं. ११ | रु. १० लाख | |
| ८ | अस्थायी प्रहरी चौकी सोलाबाङ प्रतिक्षालय र बालधारी निर्माण | वडा नं. ४ | रु. १ लाख | |
| ९ | थापाचौर टोलमा खानेपानी इन्टेक निर्माण | वडा नं. ४ | रु. १ लाख ५० हजार | |
| १० | बराहटाकुरा कृष्ण मन्दिर निर्माण | वडा नं. १ | रु. १ लाख | |
| ११ | कालिका मन्दिर मर्मत | वडा नं. १ | रु. २ लाख ५० हजार | |
| १२ | वालमन्दिर मर्मत तथा रङरोगन | वडा नं. १ | रु. ५ लाख | |
| १३ | वडा कार्यालय फिल्ड निर्माण | वडा नं. १० | रु. ५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| १४ | नयाँगाउँमा माइको मन्दिर निर्माण | वडा नं. १२ | रु. १ लाख | |
| १५ | छिङ छरीखोला पाटबोट हात्तीअल्जे हुदै भलखोला जोड्ने सडक र बागखोर तलिगाउँ हुदै हात्तीअल्जे जोड्ने सडक मर्मत | वडा नं. १ | रु. २ लाख ५० हजार | |
| १६ | पाखापानी थर्पु खानेपानी योजना | वडा नं. ५ | रु. १ लाख ५० हजार | |
| १७ | कोलासिम छेरा खानेपानी मर्मत | वडा नं. ३ | रु. १ लाख ५० हजार | |
| १८ | स्याउली बजार र भलाक्चा जोड्ने मोटरेबल पुलको डिपिआर गर्ने | वडा नं. ११ | रु. १० लाख | |
| १९ | मुसिकोट दरबारको डिपिआर गर्ने ( बिनियोजित बजेट भित्रबाट) | | रु. ५ लाख | |
| | जम्मा रकम | | रु. ८० लाख ५० हजार | |

माथी उल्लेखित योजना तथा कार्यक्रमहरुको खर्च रकम रु. ८०,५०,०००।- (अक्षेरुपी असी लाख पचास हजार रुपैयाँ मात्र) आ.ब.२०७८।०७९ को बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम समपुरक लगायतका योजना तथा बिभिन्न कार्यक्रममा म्याचिङ शिर्षकमा बिनियोजन भएको रु. २,२७,७१,०००।- (अक्षेरुपी दुइ करोड सत्ताईस लाख एकहत्तर हजार रुपैयाँ मात्र)बाट घटाई भुक्तानी दिने निर्णय गरियो । साथै सि.नं. ३ मा उल्लेखित दाना उद्योगका सम्बन्धमा उक्त दाना उद्योग स्थापनाको प्रयोजनका लागि निर्माण भएको मुसिकोट नगरपालिका वडा नम्बर ४ ठाराढुङ्गामा रहेको भवनमा मध्य पहाडी सडक खण्डबाट पहिरो खसी दाना उद्योग निर्माण स्थल जाने पहुँच मार्ग निर्माण गर्न कठिन हुनुका साथै त्यस स्थानमा मेसिन राखी उद्योग सञ्चालन गर्दा मेसिन नै जोखिममा पर्ने र सरकारी हानी नोक्सानी समेत हुन सक्ने सम्भावना देखिएकोले उक्त दाना उद्योगलाई मुसिकोट नगरपालिका वडा नम्बर ४, सितलपोखरीमा अस्थायी टहरा निर्माण गरि परिक्षण पश्चात उद्योगको भुक्तानी गरिएको र सो टहराको भुक्तानीका लागि वडाबाट सिफारिस सहित माग भएकोमा जग्गाको दीर्घकालीन प्रयोग/उपयोग सम्बन्धि सम्झौता लगायतका बिषयहरु टुङ्गयाई नगर सभाबाट अनुमोदन गरि उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०, बिबिध सम्बन्धमा:**

**क**) मुसिकोट नगरपालिकामा निर्मित वडा नम्बर ३ को धैरेनीचौरमा निर्मित अधुरो फुटबल रंगशाला र वडा नम्बर ६ मा निर्माणाधीन क्रिकेट रंगशालाको डिपिआर बमोजिमको निर्माण कार्य सम्पन्न गर्न बजेट अभावका कारण निर्माण कार्य अधुरो भएको हुदाँ निर्माण सम्पन्न गर्न नपुग हुने बजेट डि.पि.आर. एवं प्राबिधिक मूल्याङ्कन बमोजिमको रकम नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा माग गरि पठाउने निर्णय गरियो ।

**ख**) मुसिकोट नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष बिरबल केसी लगायत केहि व्यक्ति बस दुर्घटनामा परि गम्भीर घाइते हुनु भएकोले उहाँहरको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै औषधी उपचारको गर्न आर्थिक सहायताका लागि नेपाल सरकार, गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**ग**) गत आ.ब.२०७७।०७८ मा कुनैपनि दर्तावाल डेरी उद्योग, दुग्ध संकलन केन्द्र निजी फर्म वा सहकारी संस्थामा दुध बिक्री गर्ने किसानलाई रेकर्डको आधारमा प्रति लिटर रु. ३।- (तीन) का दरले अनुदान दिदै आएकोमा यस आ.ब.२०७८।०७९ मा प्रदेश सरकारको लागत साझेदारीमा प्रतिलिटर

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

दुध उत्पादन कार्यक्रम अन्तरगत प्रदेश सरकारको तर्फबाट रु. ३।- (तीन) र नगरपालिकाको तर्फबाट रु. २।- (दुई) गरि जम्मा रु. ५।- (पाँच) लागत साझेदारी कायम गर्ने निर्णय गर्ने र सोहि अनुसार उक्त निर्देशिकाको परिच्छेद २, बुँदा नम्बर ६ को (ज) मा पनि सोहि अनुसार हुने संशोधन गर्ने निर्णय गरियो ।

**घ)** मुसिकोट नगरपालिकाको कार्यालयले यस अधि स्वीकृत दरबन्दीमा करार सेवामा प्राबिधिक कर्मचारीहरु भर्ना गरि कार्यालय सञ्चालन हुदै आएकोमा हाल उक्त दरबन्दीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार स्थायी प्राबिधिक कर्मचारीहरु कामकाजका लागि खटिई आएकाले स्वीकृत दरबन्दी भन्दा बढि रहेका करार प्राबिधक कर्मचारी कटौती गर्नुपर्ने भएको हुदाँ बढि हुने प्राबिधिक कर्मचारीहरुको दक्षता, क्षमता र ज्येष्ठता लगायतका कुरालाई आधार मानी प्राबिधिक शाखाको मापदण्डका आधारमा कर्मचारीहरुलाई कटौती ब्यबस्थापन गर्ने निर्णय गरियो ।

**ङ)** मुसिकोट नगरपालिका वडा नम्बर १३ मा बिरामीहरुको चाप एवं स्वास्थ्य समस्यालाई मध्यनजर गरि तत्काल अस्थायी स्वास्थ्य चौकी स्थापना गर्ने, सोका लागि स्वास्थ्य तथा सामाजिक विकास शाखाको समन्वयमा आवश्यक पर्ने जनशक्ति र घरभाडा व्यवस्थापन गर्न लाग्ने खर्च नगरपालिकाबाट व्यबस्था गर्ने निर्णय गरियो ।

**च)** नेपाल सरकार, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रकाशित सुचना अनुसार यस मुसिकोट नगरपालिकामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना एवं सञ्चालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार जन्य कार्य गर्ने प्रयोजनका लागि जग्गा समेत ब्यबस्था भएको मुसिकोट नगरपालिका १, बागबजारमा मन्त्रालयबाट माग भई आए बमोजिमको प्राबिधिक मूल्याङ्कन बमोजिमको लागत अनुमान अनुसारको ज्येष्ठ नागरिक दिवा सेवाको भवनको पूर्वाधार निर्माणका लागि कार्यविधि बमोजिम स्थानीय तहको लागत साझेदारी रहने प्रतिबद्धता सहित उक्त पूर्वाधार निर्माणमा आवश्यक बजेट तथा कार्यक्रमका लागि महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**छ)** औधोगिक ग्राम स्थापनाका लागि मुसिकोट नगरपालिका वडा नम्बर २ मा रहेको पानढुङ्गा सहिद स्मृति स्पोर्ट भिलिज फाउन्डेशनले आफ्नो नाममा रहेको जग्गा यस नगरपालिकालाई नामसारी गर्ने क्रममा र अन्य केहि व्यक्तिहरुको जग्गा समेत पालिकाको स्वामित्व हस्तान्त्रण गर्दा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई बुझाउनु पर्ने लाभांश कर बापतको राजस्व रकम रु.५५,५००।- ( अक्षरुपी पच्पन्न हजार पाँच यस रुपैयाँ मात्र) नगरपालिकाले नै ब्यहोर्ने र उक्त रकम भैपरि आउने खर्च शिर्षकबाट आ.ब. २०७८।०७९ मा ब्यबस्था भएको रकम रु.३०,००,०००।- (अक्षरुपी तीस लाख रुपैयाँ मात्र)बाट घटाई भुक्तानी दिने निर्णय गरियो ।

**ज)** जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको अन्तरपालिका महिला तथा पुरुष भलिबल र ब्याटमिन्टन खेलमा यस नगरपालिकाबाट सहभागी भई नगर खेलकुद विकास समितिले भुक्तानीका लागि आवश्यक बिल भरपाई सहितका कागजातहरु र सम्झौता पेश गरेको सन्दर्भमा सम्पूर्ण खर्चका बिल भरपाई तथा कागजात हेरि रु. २,२५,०००।- (अक्षरुपी दुई लाख पच्चिस हजार रुपैयाँ मात्र) आ.ब. २०७८।०७९ को युवा प्रवर्द्धन तथा स्वरोजगार कार्यक्रममा बिनियोजित रु.६५,००,०००।- (अक्षरुपी पैसठ्ठी लाख रुपैयाँ मात्र)बाट घटाई भुक्तानी दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली, प्रदेश, नेपाल
२०७३

झ) मुसिकोट नगरपालिका वडा नम्बर १३ को आधारभूत बिद्यालय हाइबाङमा बिद्यार्थी संख्याको आधारमा शिक्षक संख्या कम रहेकोले हाललाई अर्को ब्यबस्था नहुदाँ सम्मका लागि १ (एक) जना नगर स्वयम् सेवक शिक्षक थप गर्ने निर्णय गरियो ।

ञ) मुसिकोट नगरपालिकाको मिति २०७८।०३।२४ को बाह्रौ नगर सभाले डिग्रे शाईकुमारी सप्लायर्स एण्ड कन्डक्सन प्रा.लि. मुसिकोट -१ सँग मिति २०७८।०२।२८ मा कार्यालय परिसरभित्र प्रिफ्याक भवन निर्माण गर्ने कार्यका लागि मूल्य अभिबृद्धि कर सहित रु.२३,९५,१८४।- (अक्षरुपी तेईस लाख पन्चानब्बे हजार एक सय चौरासी रुपैयाँ मात्र) सम्झौता भई निर्माण कार्य भइरहेकोमा सो कार्य गर्दा मेसनरी, सोलिङ, छड लगायत भवन निर्माण सहितको कामको परिमाण बढेको हुदाँ सम्झौता रकम बढ्ने गरि प्राविधिक प्रतिवेवनका आधारमा मूल्य अभिबृद्धि कर बाहेक रु.२,३८,५८६।- ( अक्षरुपी दुई लाख अठतिस हजार पाँच सय छयासी रुपैयाँ मात्र) भुक्तानी दिने भनि निर्णय भएकोमा आ.ब.२०७८।०७९ मा गत आ.ब.मा सम्पन्न भई भुक्तानी हुन बाँकी योजनाको दायित्व भुक्तानी शिर्षकमा बिनियोजन भएको रकम रु. १,००,००,०००।- अक्षरुपी एक करोड रुपैयाँ मात्र) मध्येबाट जम्मा भुक्तानी पाउनु पर्ने रकम रु. २६,३३,७७०।- (अक्षरुपी छब्बीस लाख त्यात्तिस हजार सात सय सहत्तरी रुपैयाँ मात्र) मध्ये गत बर्ष भुक्तानी भएको रकम रु.३,९८,१५४।- (अक्षरुपी तीन लाख अन्ठानब्बे हजार एक सय चौपन्न रुपैयाँ मात्र) घटाई रु.२२,३५,६१६।- (अक्षरुपी बाईस लाख पैतिस हजार छ सय सोह्र रुपैयाँ मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

ट) मुसिकोट नगरपालिकाको रणनीतिक महत्व राख्ने तपशिलका आयोजनाका लागि कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग बजेट माग गर्ने निर्णय गरियो ।
तपशिल:

| सि. नं. | योजनाको नाम | ठेगाना | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | पिपलनेटा धैरेनीचौर हुदै मध्यपहाडी लोकमार्ग जोड्ने बैकल्पीक सडकको स्तरोन्नती | वडा नं. ३ | रु. १ करोड | |
| २ | स्याउली बजार, भलाक्चा हुदै झुल्खेत जोड्ने सडकको स्तरोन्नती | वडा नं. ११ | रु. १ करोड | |

ठ) यस मुसिकोट नगरपालिका क्षेत्रभित्रका डिपिआर भई श्रोत अभावका कारण निर्माण हुन नसकेका तपशिल बमोजिमका खानेपानी आयोजनाहरुको पूर्वाधार निर्माणका लागि नेपाल सरकार, खानेपानी मन्त्रालयसँग बजेट माग गर्ने निर्णय गरियो ।
तपशिल:

| सि. नं. | खानेपानी योजनाको नाम | ठेगाना | आवश्यक बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | दमाराखोला टाटेगैरा छिङ खानेपानी आयोजना | वडा नं. १ | रु. ७५ लाख | |
| २ | सिस्नेखोला खानेपानी आयोजना | वडा नं. ४ | रु. ९२ लाख | |
| ३ | सोलाबाङ नमुना नयाँ बजार खानेपानी आयोजना | वडा नं. ४ | रु. ९० लाख | |
| ४ | मुलडाँडा घारीगाउँ खानेपानी आयोजना | वडा नं. ७ | रु. ३० लाख | |
| ५ | कराउनेपानी चेत्राखोला खानेपानी आयोजना | वडा नं. ७ | रु. ६५ लाख | |
| ६ | तिर्सिङ खानेपानी आयोजना | वडा नं. ८ | रु. १ करोड | |
| ७ | पानाखोला खानेपानी आयोजना | वडा नं. १० | रु. २ करोड | |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ८ | मुलखोला खर्चिबाङ खानेपानी आयोजना | वडा नं. ११ | रु. १ करोड | |
| ९ | अधुरो रहेको एक घर एक धारा कार्यक्रम | वडा नं. ११ | रु. १ करोड | |

ड) यस मुसिकोट नगरपालिका परिसरमा रहेको कार्यालयको सेवा प्रवाहका लागि प्रिफयाव भवनको स्ट्रक्चरको काम सम्पन्न भई सकेको र उक्त प्रिफयाव भवन निर्माण गर्दा लागत अनुमानमा नपरेको फल्स सिलिङ, टाइलिङ, डिसप्ले तर्फको फ्रेम निर्माण र कोठाभित्र काउन्टर बक्स निर्माण जस्ता कार्यहरु छुट्न गएकाले प्रिफयाव भवन निर्माण भएता पनि शाखाहरुलाई राखी कार्य सञ्चालन गर्न नसक्दा एकातिर भवन खाली रहने र अर्कोतिर नगरपालिकाले शाखाहरुले घर भाडा भुक्तानी गर्दा सरकारी हानी नोक्सानी समेत हुने भएकोले छिटो छरितो माध्यमबाट प्राविधिक फाँटबाट लगत अनुमान तयार गरि लगत अनुमानमा छुट भएका कार्यहरु गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ढ) नेपाल सरकार, शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा बिभागबाट नमुना बिद्यालयका रुपमा छनौट भई आएको यस मुसिकोट नगरपालिका वडा नम्बर १३ स्थीत श्री महेन्द्र माबि छिवाङ, चौतारामा यस आ.ब. २०७८।०७९ का लागि शसर्त कार्यक्रम अन्तरगत प्राप्त बजेट रु. १,५०,००,०००।- (अक्षेरुपी एक करोड पचास लाख रुपैयाँ मात्र) बिनियोजन भई सकेको सन्दर्भमा बिद्यालयको आवश्यकता र प्राथमिकताका आधारमा बिद्यालय ब्यबस्थापन समितिले उक्त बजेटबाट बिद्यालयको गुरुयोजना निर्माण गरि सोहि बमोजिम बिद्यालयको १२ कोठे पक्की भवन निर्माण गर्ने निर्णय भई सिफारिस भई आएको उक्त गुरुयोजना एवं पूर्वाधार निर्माण सम्बन्धि गुरुयोजना स्वीकृत गरि कार्यान्वयन गर्न थप कार्वाहीको लागि नेपाल सरकार, शिक्षा बिभाग सानोठिमी भक्तपुरलाई सिफारिस गर्ने निर्णय गरियो ।

ण) आ.ब.२०७९।०८०का लागि प्रदेश र स्थानीय तहमा संघीय समपुरक अनुदान र बिशेष अनुदान अन्तरगत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि राष्ट्रिय योजना आयोग, सिहंदरबार काठमाण्डौंद्वारा प्रस्ताव आहाव्न गरिएकोमा यस मुसिकोट नगरपालिकाका अति महत्वपूर्ण, रणनीतिक महत्वका डिपिआर/लगत इष्टमेट गरिएका तर श्रोत अभावका कारणले कार्यान्वय गर्न नसकिएका तपशिल बमोजिमका समपुरक र बिशेष अनुदान सम्बन्धी आयोजनाका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिल:

समपुरक तर्फ:

| सि. नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्याउली बजार, भलाक्चा हुदै झुल्खेत जोड्ने सडकको स्तरोन्नती | वडा नं. ११ र ६ | |
| २ | छिवाङ दोपाइ बागखोर हुदैं सानीभेरी गा.पा. जाने रणनीतिक सडकको स्तरोन्नती | वडा नं. १४ | |
| ३ | साँख झारीगाउँ हुदै झुल्खेत जोड्ने सडकको स्तरोन्नती | वडा नं. ७ र ६ | |
| ४ | स्याउली बजार खानीखोला सिप्री छोटेडाँडा हुदै लामडाँडा जोड्ने सडकको स्तरोन्नती | वडा नं. ११ | |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

बिशेष अनुदान तर्फः

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | धैरेनीचौर पिपलनेटा रंगशाला | वडा नं. ३ | |
| २ | स्याउली बजार भलाक्चा जोड्ने मोटरेबल पुल | वडा नं. ११ | |
| ३ | साँखखोला भलाक्चा जोड्ने मोटरेबल पुल | वडा नं. ११ र ४ | |
| ४ | मुसिकोट पार्क (साँख दह) | वडा नं. ७ | |

**त)** कृषि विकास कार्यालय रुकुम (पश्चिम)मार्फत यस मुसिकोट नगरपालिकामा सञ्चालन गरिने ब्लक कार्यक्रमका लागि तपशिलको क्षेत्रमा देहाय बमोजिमको सहकारी संस्थामा उक्त कार्यक्रम सञ्चालन गर्ने गरि सिफारिस गर्ने निर्णय गरियो ।

तपशिलः

| सि. नं. | कार्यक्रमको नाम | संस्थाको नाम र ठेगाना | समेटनु पर्ने क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|
| १ | कागती ब्लक | श्री छिङ बहुउद्देश्य कृषि सहकारी संस्था मुनपा १, रुकुम (पश्चिम) | वडा नं. १ | |
| २ | ताजा तरकारी/तरकारी बीउ उत्पादन ब्लक | श्री काउलेचौर बहुउद्देश्य कृषि सहकारी संस्था मुनपा १३, रुकुम (पश्चिम) | वडा नं. २, ३ र १३ | |

**थ)** आ.ब.२०७९।०८०का लागि स्थानीय तहमा प्रदेश समपुरक अनुदान र बिशेष अनुदान अन्तरगत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि यस मुसिकोट नगरपालिकाका महत्वपूर्ण, रणनीतिक महत्व राख्ने तर श्रोत अभाव भई कार्यान्वय गर्न नसकिएका तपशिल बमोजिमका आयोजनाहरु छनौट गरि कर्णाली प्रदेश सरकारलाई माग गरि पठाउने निर्णय गरियो ।

तपशिलः

समपुरक तर्फः

| सि. नं. | योजनाको नाम | ठेगाना | आवश्यक बजेट |
|---|---|---|---|
| १ | भुल्खेत खर्सुपानी सडक | वडा नं. ९ र १० | रु. ३५ करोड |
| २ | डाँडा साउनेपानी कामी बुढा स्मृति पार्क चौरहुदैं माथील्लो टिला जोडने सडक | वडा नं. १० | रु. ४० करोड |

बिशेष अनुदान तर्फः

| सि.नं. | योजनाको नाम | ठेगाना | लागत अनुमान |
|---|---|---|---|
| १ | मुसिकोट दरबार निर्माण | वडा नं. ४ | रु. २ करोड |
| २ | वडा कार्यालय निर्माण | वडा नं. १, ४, ९ र १४ | रु. २ करोड |

**(अन्तमा बैठकमा सहभागी सबैलाई धन्यवाद दिदै नगर प्रमुखबाट बैठक सौह्रादपूर्ण वातावरणमा सम्पन्न भएको घोषणा गर्नुभयो ।)**

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

२०७९/०३/०५